puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com

पुथा उत्तरगङ्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

पुथा उत्तरगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तकसेरा, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७२

प सं:. ०७९।०८०
सूचना नं.: १२

सूचना प्रकाशित मितिः२०८०।०२।१८

## विश्व वातावरण दिवस मनाउने सम्बन्धी पुथा उत्तरगङ्गा गाउँपालिकाको सूचना।

जैविक बसोबास रहन सक्ने वातावरण भएको एकमात्र ग्रह "पृथ्वी"मा आइरहेको जलवायु परिवर्तन लगायत निकट भविष्यमा आउन सक्ने मानवीय सङ्कटजस्ता पक्षहरूको प्रमुख कारक तत्वको रूपमा प्लाष्टिकजन्य वस्तुहरूको प्रयोगमा कमि हुन नसक्नुलाई लिइन्छ। यद्यपि घर-आँगन लगायत बजार क्षेत्रहरुबाट निस्कने सम्पूर्ण प्लाष्टिकजन्य प्रदुषण, जलवायु परिवर्तन, मानवीय स्वास्थ्य समस्यालाई प्रभावकारी तवरबाट निर्मुल पार्दै पृथ्वीको आयुमा वृद्दिसँगै संरक्षण गर्न हरेक वर्षको **June-5 (जेठ २२ गते)** मा विश्व वातावारण दिवस मनाउँदै आएको बेहोरा सर्वविदितै छ। सोहिबमोजिम **"प्लाष्टिकजन्य प्रदुषण निर्मुल पारौँ, वातावरणमैत्री विकल्पको उपयोग गरौँ (Solution to Plastic Pollution)"** भन्ने मूल प्रवाहका साथ संयुक्त राष्ट्र सङ्घले कल्पना गरेको नारालाई यस वर्ष पनि **June-5 (जेठ २२ गते)** मा घर, आँगन, बस्ती र टोल, वडा, गाउँपालिका मार्फत समग्र राष्ट्रलाई स्वच्छ वातावरणमैत्री राष्ट्र निर्माण गर्दै पृथ्वीको संरक्षण एवम् जगेर्ना गर्नका लागि प्लाष्टिकजन्य प्रदुषण भएका आ-आफ्ना स्थानहरूमा जनचेतनामूलक क्रियाकलापसँगै विभिन्न सरसफाईमूलक अभियान तपसिल बमोजिम सञ्चालन गर्न/गराउनहुन गाउँपालिकाभित्रका विषयगत शाखाहरु, बैङ्क तथा वित्तीय संस्था, सुरक्षा निकाय, सहकारी एवम् साझेदार सङ्घ संस्था, वडा कार्यालय, स्थानीय बासी लगायत सम्बन्धित सरोकारवालाहरूमा यो सूचना प्रकाशित गरिएको छ।

२०८०/०२/१८
समिर गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत

समिर गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत

**तपसिल :**

**गाउँपालिकाक्षेत्र :** मिति २०८०।०२।२२ गते बिहान ८:०० बजे (विषयगत शाखाका कर्मचारीहरू, बैङ्क तथा वित्तीय संस्था, सुरक्षा निकाय, साझेदार सङ्घ संस्थाहरू, १० नं. वडामा क्रियाशील समूहहरू लगायत स्थानीय बासीहरू)

**वडास्तर :** आ-आफ्नो समय अनुकुल